नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल,काठमाडौं
२०७४

नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड, बबरमहल, काठमाडौं ।

## एफ.एम. रेडियोबाट स्वास्थ्य बीमा सन्देश प्रसारणसंग सम्वन्धित

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०८१।०१।११)**

१.नेपाल सरकार, स्वास्थ्य बीमा बोर्ड,बबरमहल, काठमाडौले राष्ट्रिय स्तरको खुल्ला दरभाउपत्र प्रक्रिया अन्तर्गत एफ.एम.रेडियोबाट स्वास्थ्य बीमा सम्बन्धी चेतनामुलक सन्देश प्रसारण गर्ने कार्य गर्नका लागि इच्छुक र योग्यता पुगेका व्यक्ति/फर्म/सप्लायर्स/कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन पुग्ने मिति २०८१।०१।२५ गते ५ बजे भित्रमा सिलवन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ। साथै Bid Security रकम ,फारमवापत शुल्क र दरभाउपत्रको मान्य अवधि निम्न तालिका अनुसार हुनेछ।

| Contract ID No. | Name of Procurement | Bid Security Nrs. | Document Fee Nrs. | Bid Validity Period |
|---|---|---|---|---|
| HIB/G/NCB/2080-81/03 | एफ.एम.रेडियोबाट स्वास्थ्य बीमा सम्बन्धी चेतनामुलक सन्देश प्रसारण | ३५,५००/- | १,०००/- | ९० दिन |

२.दरभाउपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि यस बोर्डको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:
स्वास्थ्य बीमा बोर्ड, बबरमहल, काठमाडौं, सम्पर्क नं : ०१-४१००२२३, ४१००२२४, टोल फ्रि नं. १६६०-०१-११२२४, इमेल ठेगाना : info@hib.gov.np साथै यो सूचना website:www.hib.gov.np बाट पनि हेर्न सकिनेछ।

३. दरभाउपत्रदाताले कारोवारको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र समेतको प्रतिलिपि संलग्न राखी निवेदन सहित पेश गर्नु पर्नेछ।

४. दरभाउपत्रदाताले माथि उल्लेख भए अनुसारको Bid Security रकम नगदै जम्मा गरेमा को.ले.नि.का. त्रिपुरेश्वरको नाममा राष्ट्रिय वाणिज्य बैक शाखा कार्यालय, टेकु, काठमाडौको धरौटी खाता नं. १७००१००१०२०३०००० , कार्यालय कोड नं. ३७०३१३५०१ मा जम्मा गरेको सक्कलै बैक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा ९० दिन म्याद भएको इजाजत प्राप्त कुनैपनि बाणिज्य बैंक वा बित्तीय सँस्थाबाट यस बोर्डको नाममा जारी भएको सोही रकम बराबरको सिलवन्दी दरभाउपत्र जमानत (बिडबण्ड) को सक्कलै पत्र राखी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

५. दरभाउपत्रदाताले माथि उल्लेख भए अनुसारको दरभाउपत्र दस्तुर (Bid Document) बापतको रकम यस बोर्डको राष्ट्रिय वाणिज्य बैक शाखा कार्यालय, टेकु, काठमाडौको बैंक खाता नं.१७००१००१०२१००००४, राजस्व शीर्षक नं. १४२२९, कार्यालयको कोड नं.३७०३१३५०१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर सिलवन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

६.एफ.एम.रेडियोबाट स्वास्थ्य बीमा सम्बन्धी चेतनामुलक सन्देश प्रसारण गर्न चाहने संस्थाहरुको बिगत ३ आ.व.को औषत वार्षिक कारोबार न्यूनतम रु.२० लाख हुनुपर्नेछ र कम्तीमा कुनै एक सरकारी संस्थाको वार्षिक रु.५ लाख भन्दा माथिको सुचनामूलक सन्देश एफ.एम.रेडियोबाट प्रसारण गरेको हुनुपर्नेछ र बिगत ३ आ.व.भित्र कम्तिमा कुनै एक नेटवर्किङ भएको एफ.एम.रेडियोबाट सूचनामूलक सन्देश प्रसारण गरेको हुनु पर्नेछ। साथै सूचनामूलक सन्देश प्रसारण गर्ने नेटवर्किङ संस्था विज्ञापन वोर्डको कार्यालयमा सूचकृत भएको हुनु पर्नेछ।

७.दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको सोही समयमा हुनेछ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन पुग्ने मिति २०८१।०१।२५ गते ५ बजे भित्र फारम खरिद गरी मिति २०८१।०१।२६ गते दिनको १२ बजे सम्म दर्ता गराउनु पर्नेछ र सोही दिन अपरान्ह २:०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा यस बोर्डको कार्यालयमा खोलिनेछ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

८. यस खरिद कार्यमा सहभागी हुन योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले स्वास्थ्य बीमा बोर्ड,बबरमहल, काठमाडौबाट दरभाउपत्र दस्तुर बुझाएको प्रमाण देखाई फारम खरिद गरी तोकिए बमोजिमको निर्देशन बमोजिम फारम भरी पेश गर्नु पर्नेछ।

९.दरभाउपत्र फारममा उल्लेख भएका निर्देशनहरुको अनिवार्य रुपमा पालना गरी दरभाउपत्र भरी पेश गर्नु पर्नेछ। बोर्डमा पेश भई दर्ता भएका दरभाउपत्र स्वीकार गर्ने र रद्द गर्ने सम्पूर्ण अधिकार यस बोर्डलाई हुनेछ।

१०.दरभाउपत्र पेश गर्दा आफूले पेश गर्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ। यस दरभाउपत्र सम्बन्धी अन्य प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुने र थप विस्तृत जानकारी दरभाउपत्र फारममा उल्लेख भए अनुसार हुनेछ।

११.दरभाउपत्रदाताले अनिवार्य रुपमा तेस्रो पक्षलाई भुक्तानी गरेको बील र एजेन्सी सेवा शुल्क समेत खुल्ने कागजातहरु सहित भुक्तानीको लागि बिजक पेश गर्नुपर्नेछ ।

Scanned with CamScanner